केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन ४४११४०७
फ्याक्स ४४१४५५२
email: ashokpdl@nrb.org.np
website: www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ २६।०६३।०६४ मितिः २०६४।०१।१४

सबै इजाजतपत्र प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाहरु ।

महाशय,

यस बैंकबाट इजाजतपत्र प्राप्त बैक तथा वित्तीय संस्थाहरुले निक्षेप संकलन कार्यलाई आकर्षक बनाउन उपहार सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्दा ⁄ गराउँदा देहाय वमोजिमको व्यवस्था कायम गर्नु पर्ने व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

(क) जुनसुकै प्रकारको उपहार कार्यक्रम सञ्चालन गर्दा पनि यस बैंकको स्वीकृति लिनु पर्ने।

(ख) यस बैकले तोकेको पूँजी कोष पुगेका बैक तथा वित्तीय संस्थाहरुको हकमा मात्र उपहार कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिइनेछ । तर, यस बैकले तोकेको पूँजी कोष पुरा नगरेका ⁄ नपुगेका बैक तथा वित्तीय संस्थाहरुले भने कुनै पनि प्रकारको उपहार कार्यक्रम सञ्चालन गर्न नपाउने ।

(ग) यो व्यवस्था लागु हुनु भन्दा अगाडि नै उपहार कार्यक्रम सञ्चालन गरीसकेका बैक तथा वित्तीय संस्थाहरुले पनि यो परिपत्र जारी भएको मितिले बढीमा १५ दिन भित्र निवेदन दिई स्वीकृति लिई सक्नु पर्ने ।

(घ) माथि जुनसुकै ब्यहोरा लेखिएको भएतापनि पहिले नै उपहार कार्यक्रम सञ्चालन गरी निक्षेप संकलन भईसकेको अवस्थामा त्यसरी संकलन भईसकेको रकमको हकमा मात्र लागू हुने गरी त्यस्ता कार्यक्रम अन्तर्गत प्रदान गर्नुपर्ने सुविधाहरु प्रदान गर्न भने यस व्यवस्थाको प्रावधानले कुनै वाधा पुग्ने छैन ।

भवदीय

(नारायण प्रसाद पौडेल)
**निर्देशक**

बोधार्थ
1. नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
2. नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
3. नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
4. नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
5. नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
6. नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
7. विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
8. नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।